# लिम्चुङबुङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को विनियोजन ऐन, २०८३

लिम्चुङबुङ गाउँपालिकाको विनियोजन ऐन, २०८३

पर्यटनको नयाँ गन्तव्य

## लिम्चुङबुङ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर नेपाल

# लिम्चुङबुङ गाउँपालिकाको विनियोजन ऐन, २०८३

**लिम्चुङबुङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोन ऐन,**

सभामा पेश गरेको मितिः २०८३/०३/१०

सभाबाट स्वीकृत मितिः २०८३/०३/१०

**प्रस्तावनाः**

लिम्चुङबुङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको भाग-१९ को धारा २२९ को उपधाराना (२) बमोजिम लिम्चुङबुङ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"लिम्चुङबुङ गाउँपालिकाको विनियोजन ऐन, २०८३"** रहेको छ ।

(२) यो ऐन सभाले पास गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष ०८३/०८४ को निमित्त गाउँ कार्यपालिका , वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्ति व्यवस्थाको रकम समेत गरी जम्मा रकम, रु, १६५३८११६३।०० (अक्षरुपी सोह्र करोड त्रिपन्न लाख एकासी हजार एक सय त्रिसठ्ठी मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिएको रकम आर्थिक वर्ष ०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक भन्दा बढी शिर्षकहरुबाट सो शिर्षकको जम्मा एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ निनियजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गतय साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न भने सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १०% भन्दा बढी बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

नेपालको संविधानको भाग-१९ को धारा २२९ को उपधारा (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| सि.नं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | ६ | गाउँकार्यपालिका | **७५२३११६३** | ९०१५०००० | वित्तिय समानिकरण, राजश्व बाँडफाँड, अल्या | १६५३८११६३ |
| २ | | वडा समिति | २०००००० | १५५०००००० | | २७५०००००० |
| ३ | | विषयगत शाखा | | ५६३५०००० | | ५६३५०००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | | ० |
| ५ | | लगानी/शेयर/ऋण | ० | ० | ० | ० |
| | | | | | | |

२०८३/३/१०

**<u>आज्ञाले:</u>**

सन्देश राई

प्रमुख प्रशासकीय अधिकृत

लिम्चुङबुङ गाउँपालिकाको विनियोजन ऐन, २०८३